# जिल्ला समन्वय समितिको कार्यालय

पर्वत

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

२०७८ साल बैशाख १ देखि २०७८ साल असार मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वतः प्रकाशन)

१. कार्यालयको स्वरुप र प्रकृति

नेपालको संविधानको भाग १७ धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समिति सम्बन्धी व्यवस्था रहेको छ। जसअनुसार जिल्ला भित्रका गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगर पालिकाका प्रमुख र उपप्रमुख सदस्य रहनेगरी गाउँपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न एक जिल्ला सभा रहनेछ। जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितको निर्वाचन गर्नेछ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ । सम्बन्धित जिल्लाभित्रको गाउँ सभा वा नगर सभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्य पदको उम्मेदवार हुन योग्य हुने व्यवस्था रहेको छ।

२.कार्यालयको काम, कर्तव्य र अधिकार

नेपालको संविधान बमोजिम जिल्ला सभाको काम, कर्तव्य र अधिकार अन्तर्गत जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने, विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने, जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने तथा प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने रहेका छन् ।

त्यसैगरी संविधानको धारा २२० को उपधारा (७) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ बमोजिम जिल्ला सभाका अन्य काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । जसमध्ये जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने, जिल्लाभित्र सरकारी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने, जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने, जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बिचमा कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने लगायतका कार्यहरु रहेका छन् ।

## ३. कार्यालयको संगठन संरचना, कर्मचारी संख्या र कार्य विवरण

### संगठन संरचना



## जिल्ला समन्वय समिति, पर्वतका पदाधिकारीहरुको संक्षिप्त परिचय

| क्र. स. | नाम/ थर | पद | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री मनोहर वि. पौडेल | प्रमुख | कुश्मा न.पा. | ९८५७६४९९९९ | |
| २ | श्री याम कुमारी राना | उप-प्रमुख | पैयुँ गा.पा. | ९८४६०८३७८६ | |
| ३ | श्री शर्मिला नेपाली | सदस्य | पैयुँ गा.पा. | ९८४७४३१९९७ | |
| ४ | श्री विष्णुमाया पौडेल | सदस्य | विहादी गा.पा. | ९८६१०६१८३६ | |
| ५ | श्री विष्णुराम वि.क | सदस्य | महाशिला गा.पा. | ९८५७६३०५७३ | |
| ६ | श्री कविता वि.क | सदस्य | फलेवास न.पा. | ९८५७६३०५१२ | |
| ७ | श्री ज्ञान वहादुर भण्डारी | सदस्य | कुश्मा न.पा. | ९८४७६२१६६६ | |
| ८ | श्री नन्दलाल सुवेदी | सदस्य | मोदी गा.पा. | ९८५७६३०६०४ | |
| ९ | श्री ओम प्रसाद रेग्मी | सदस्य | जलजला गा.पा. | ९८५७६४१५८२ | |

## जिल्ला समन्वय समितिका कर्मचारीहरुको विवरण

| क्र. सं. | नाम/ थर | पद | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुरेश ढकाल | जिल्ला समन्वय अधिकारी | आधीखोला गा.पा. वडा नं. ६ स्याङ्जा | ९८५६०३०८२५ | |
| २ | करुणा आचार्य | शाखा अधिकृत | ललितपुर म.न.पा. १८ | ९८४१७०८१२८ | |
| ३ | निर्मला भण्डारी | नायव सुब्बा | जलजला गा.पा. ४ पर्वत | ९८४७७६९४८१ | |
| ४ | मिन वहादुर वि.क. | नायव सुब्बा (प्रमुखको निजि सचिवालय) | कु.न.पा. वडा नं ३ | ९८५७६३०८७२ | |
| ४ | राजु गौतम | खरिदार | मोदी गा. पा. ७ पर्वत | ९८५६०४५६९७ | |
| ५ | राजेन्द्र वि.क | हसचा | कु.न.पा.४ पाखाथर | ९८४७६२०९३१ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | हर्क वहादुर सुदार | हसचा | कु.न.पा. वडा नं. २ खुर्कोट | ९८४७६४३३४४ | |
| ७ | विवेक पौडेल | कार्यालय सहयोगी | मोदी गाउपालिका वडा नं. ६ | ९८४७७७२७७२ | |
| ८ | विजया कुमारी सुवेदी (आचार्य) | कार्यालय सहयोगी | जलजला गाउपालिका ७ | ९८४७६७२५४६ | |
| ९ | शान्ति दर्जी | कार्यालय सहयोगी | मोदी गाउपालिका वडा नं ६ | ९८४७६४७३७५ | |

जिल्ला समन्वय समिति, पर्वतबाट यस अवधिमा सम्पादित मुख्य मुख्य कार्यहरु:

- २०७८ बैशाख १ देखि २०७८ असार मसान्तसम्म जिल्ला समन्वय समितिको ४ वटा बैठक बसी विभिन्न निर्णयहरु गरेको छ ।
- २०७८ जेठ २१ गते जिल्ला समन्वय समिति, पर्वतका प्रमुख श्री मनोहर वि. पौडेलज्यूको संयोजकत्वमा नदीजन्य तथा खानीजन्य जिल्ला अनुगमन समिति, पर्वतका पदाधिकारीहरुको उपस्थितिमा अनुगमन समितिको बैठक बसी विभिन्न निर्णयहरु गरेको ।
- जिल्लाभित्रका विकाससँग सम्बन्धित कार्यालयहरुले संचालन गरेका आयोजना तथा कार्यक्रमहरुको जिल्ला समन्वय समितिका पदाधिकारी तथा जि.स.स. कार्यालयका कर्मचारीहरुबाट अनुगमन तथा निरीक्षण कार्य भएको ।

जिल्ला समन्वय अधिकारी